apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: २७३ ● पृष्ठ: ४ ● ०१ कार्तिक २०८३ आइतबार (18 October 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

**सूचना**
विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।
सम्पर्क नम्बर
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

# मधेश प्रदेशको नयाँ सरकारबारे नेकपा एमाले र जसपा नेपालबीच छलफल

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ३१ गते**

मधेश प्रदेशमा नयाँ सरकार गठनबारे नेकपा एमाले र जसपा नेपालबीच छलफल भएको छ।

एमाले अध्यक्ष केपी शर्मा ओली, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सहित दुवै पार्टीका नेताहरुले शनिबार छलफल गरेका हुन्।

छलफलमा जसपा नेपालका मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादव समेत थिए।

जसपा नेपालकै नेतृत्वमा नयाँ सरकार गठन गर्ने गरी छलफल भएको एक नेताले बताए।



ती नेताका अनुसार जसपा नेपाल संसदीय दलका नेता सरोज कुमार यादवको नेतृत्वमा नयाँ सरकार बनाउने गरी नयाँ गठबन्धन बनाउने प्रयास भइरहेको छ।

शुक्रबार मात्रै नेकपा एमालेले नेपाली कांग्रेस नेतृत्वको मधेश सरकारबाट अलग हुँदै समर्थन फिर्ता लिएको थियो।

मधेश प्रदेश सभामा जसपा नेपाल सबैभन्दा ठूलो दल हो। उसको २७ सिट छ। दोस्रो ठूलो दल एमालेको २३

बाँकी पृष्ठ २ ▸▸

# भारतमा बन्धक बनाइएका तीन नेपालीको उद्धार



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ३१ गते**

भारतको हरियाणा राज्य, करनालस्थित बजरंग बली राइस मिलमा बन्धक बनाइएका तीन जना नेपाली मजदूरको उद्धार गरिएको छ।

भारतस्थित नेपाली दूताबासको समन्वय, 'किन इन्डिया' नामक सामाजिक संस्थाको पहल तथा भारतीय सुरक्षाकर्मीहरुको सहयोगमा उनीहरुको उद्धार गरी नेपाल पठाइएको हो।

उद्धार गरिएका नेपाली नागरिकहरूमा सिरहाका पशुपति कुमार राम, राजनेश यादव र गणेश कुमार यादव रहेका छन्।

दूताबासले किन इन्डियाका कार्यकारी निर्देशक नवीन जोशी र सोही संस्थाका प्रदीप कुमार सिंहसँग समन्वय गरी बन्धक बनाइएकाहरुको सुरक्षित उद्धार, रिहाइ तथा स्वदेश फिर्ती सुनिश्चित गर्न आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिदिन आग्रह गरेको थियो।

दूतावासको आग्रहपछि कार्यकारी निर्देशक जोशीको अगुवाइमा भारतीय प्रहरी र 'किन इन्डिया' को टोलीले राइस मिलबाट उनीहरूलाई बन्धकमुक्त गराई सुरक्षित रूपमा नेपाल फर्काउन सफल भएको हो।

# गाँजा फँडानी गर्ने क्रममा भेटियो बेवारिसे कटुवा पेस्तोल

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ३१ गते**

सिरहाको गोलबजार नगरपालिका-९ बलडाँडास्थित खेतबारीमा शनिबार गाँजाका बोट फँडानी गर्ने क्रममा प्रहरीले बेवारिसे अवस्थामा कटुवा पेस्तोल बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गाँजाको बोट लगाइएको भन्ने विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले खेतबारीमा पुगेर खानतलासी गरेको थियो।

सो क्रममा प्रहरीले करिब ६ कठ्ठा क्षेत्रफलमा लगाइएको गाँजाका बोट फँडानी गरेको छ। गाँजा फँडानी गर्ने



क्रममा खेतको बीच भागमा पुराना दुईवटा काठका गोलियाबीच लुकाएर राखिएको अवस्थामा एक थान कटुवा पेस्तोल फेला परेको हो।

प्रहरी प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालका अनुसार पेस्तोलमा नम्बर नभएको र गोलीसमेत नभएको अवस्थामा फेला परेको थियो।

बरामद पेस्तोलबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# चाडपर्वमा पनि मुआब्जाकै प्रतीक्षा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ३१ गते**

रेल्वेको ब्रोडगेज र प्लेटफर्म निर्माणका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा नपाउँदा महोत्तरीको भंगहा, बर्दिबास र किसाननगरका जग्गाधनी निराश छन्। उनीहरूको एउटै पीडा छ- जग्गा रेल्वेको नाममा गयो, तर मुआब्जा अझै हात परेको छैन।




मुआब्जाकै प्रतीक्षामा रहेका उनीहरूका घरमा दसैंको रौनक छैन। तिहार र छठ नजिकिँदै गर्दा मुआब्जा आउने-नआउने अन्योलले उनीहरूलाई थप चिन्तित बनाएको छ। रेल्वे आयोजना निर्माणका क्रममा जग्गा अधिग्रहणमा परेका किसानले मुआब्जाका लागि सात वर्षदेखि दौडधुप गर्नुपरेको छ। अधिग्रहणमा परेका कतिपय जग्गाधनी ज्येष्ठ नागरिक छन्। उमेर ढल्किँदै जाँदा आफ्नो सम्पत्तिबापतको रकम कहिले पाइने भन्ने अन्योलले उनीहरूलाई

बाँकी पृष्ठ ४ ▸▸









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# मधेशमा एमाले किन पटक-पटक संकटमा पर्छ ?



नेकपा एमाले सरकारबाट बाहिरनुका साथै समर्थन समेत फिर्ता लिएपछि मधेशमा फेरि एकपटक सत्ता उलटपुलटको स्थिति बनेको छ। एमालेले समर्थन फिर्ता लिएसँगै कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेसँगै सत्ता उलटपुलटको स्थिति बनेको हो।

एमाले मधेश प्रदेश सरकारबाट बाहिरिएकै बेला एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोज यादवको नेतृत्व क्षमता, राजनीतिक रणनीति र सत्ता सञ्चालनसम्बन्धी निर्णयमाथि पार्टीभित्र र बाहिर प्रश्न उठ्न थालेको छ।

शुक्रबार एमालेले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारमा सहभागी आफ्ना चार मन्त्रीलाई राजीनामा गराएको थियो। भौतिक पूर्वाधार विकासमन्त्री मोहम्मद समीर, खेलकुद तथा समाजकल्याणमन्त्री लखन दास तत्मा, श्रम तथा यातायातमन्त्री शारदा देवी थापा र शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंहले मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष राजीनामा बुझाएका हुन्।

नेता सरोज यादवले कांग्रेस नेतृत्वको सरकारले प्रतिबद्धताअनुसार काम गर्न नसकेको गुनासो गरे। उनले भने, 'हामीले यसअघि सरकारलाई समर्थन गर्दा केही सहमति र प्रतिबद्धता गरेका थियौँ, तर त्यसतर्फ सरकारले कुनै ध्यान दिएन। बाध्य भएर निस्किनुपर्‍यो।'

तर, यो घटना मधेशमा सरोज यादव नेतृत्वको राजनीतिक यात्रामा देखिएको पहिलो संकट भने होइन। पछिल्ला वर्षहरूमा सत्ता साझेदारी, सरकार गठन र राजनीतिक समीकरणमा उनको भूमिकासँग जोडिएका घटनाक्रमले एमालेले निरन्तर राजनीतिक क्षति व्यहोर्नुपरिरहेको छ।

मधेश प्रदेशको दोस्रो प्रदेशसभा गठन भएपछि एमाले संसदीय दलका नेता बनेका सरोज यादव पटक-पटक सरकारमा महत्त्वपूर्ण भूमिकामा देखिए। तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंह नेतृत्वको सरकारमा एमालेको भागमा चार मन्त्रालय परेपछि यादव आफैँ भौतिक पूर्वाधार विकास मन्त्रालयसहित सरकारमा सहभागी भएका थिए।

त्यतिबेला यादवले एमालेको भागमा परेका चारमध्ये महत्त्वपूर्ण मन्त्रालय लामो समय आफैँसँग राखेको भन्दै पार्टीभित्र प्रश्न उठेको थियो। पछि पार्टी नेतृत्वले मन्त्रीहरूको नाम टुंग्याएपछि मन्त्रालयहरू बाँडफाँट भएका थिए।

यसअघि २०७९ पुसमा जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव (बारा) नेतृत्वको मधेश सरकारमा पनि एमालेका संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार तथा विकासमन्त्रीका रूपमा सहभागी भएका थिए। यसरी प्रदेश सरकारमा एमालेको सहभागितासँगै सत्ता साझेदारीमा यादवको भूमिका निरन्तर रह्यो।

**मुख्यमन्त्री बन्ने अवसर**

२०८२ कार्तिकमा मधेश प्रदेशको राजनीतिमा अर्को नाटकीय मोड आयो। तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले राजीनामा दिएपछि प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतमा एमाले संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भए।

तर, उनको नियुक्ति सुरुदेखि नै विवादमा पर्‍यो। तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले बर्दिबासस्थित होटलमा यादवलाई शपथ गराएपछि संविधानको धारा १६८(३) को प्रयोगमाथि प्रश्न उठ्यो।

७४ जना प्रदेशसभा सदस्यले नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरे। सर्वोच्चले प्रारम्भिक चरणमै यादवलाई दीर्घकालीन प्रभाव पार्ने निर्णय नगर्न अन्तरिम आदेशसमेत दिएको थियो।

त्यसको राजनीतिक मूल्य पनि एमालेले चुकाउनुपर्‍यो। यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने निर्णयसँग जोडिएकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई संघीय सरकारले पदबाट हटायो। त्यसपछि मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलसमेत दुईतिहाइ बहुमतबाट पदमुक्त भए।

अर्थात्, एमालेले मधेशमा पहिलोपटक आफ्नो नेतृत्वमा सरकार बनाउने अवसर पाउँदा २२ दिनमै मुख्यमन्त्री पद गुमायो। त्यसै राजनीतिक प्रकरणको वरिपरि प्रदेश प्रमुख र सभामुखको पदसमेत गुम्यो।

सरोज यादवको मुख्यमन्त्री यात्रा पनि लामो हुन सकेन। सर्वोच्च अदालतले उनलाई २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएपछि बहुमत जुटाउने अवस्था नरहेको निष्कर्षसहित उनले पदबाट राजीनामा दिए। उनको मुख्यमन्त्री कार्यकाल जम्मा २२ दिन रह्यो।

सर्वोच्चले यादवको नियुक्तिमा संविधानको धारा १६८(३) प्रयोग गर्नुअघि धारा १६८(२) अन्तर्गत सरकार गठनको सम्भावना पर्याप्त रूपमा नखोजिएको उल्लेख गरेको थियो।

राजनीतिक रूपमा हेर्दा यो घटनाले यादवलाई शक्तिको केन्द्रमा पुर्‍याए पनि उनलाई स्थिर सरकार चलाउने अवसर भने दिएन। बरु नियुक्ति, कानुनी विवाद, प्रदेश प्रमुखको पदमुक्ति, सभामुखको पदमुक्ति र अन्ततः २२ दिनमै मुख्यमन्त्रीबाट राजीनामा। यी सबै घटनाक्रम एउटै राजनीतिक अध्यायमा जोडिए।

मुख्यमन्त्रीको कुर्सीबाट बाहिरिएपछि पनि एमाले सत्ता राजनीतिबाट अलग भएन। कांग्रेस नेतृत्वको मधेश सरकारमा एमाले सहभागी भयो। तर, एक वर्ष नपुग्दै फेरि सत्ता साझेदारीमा संकट देखिएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक अवस्था सिर्जना भएको छ।

**एमालेले के पायो, के गुमायो ?**

मधेशमा एमालेले सरोज यादवलाई संसदीय दलको नेता बनाएर प्रदेश सरकारको नेतृत्व गर्ने अवसर पायो। तर, त्यसपछि घटनाक्रमको शृङ्खला हेर्दा एमाले नेतृत्वमाथि प्रश्न उठेको छ।

पहिलोपटक एमाले नेतृत्वमा सरकार बन्यो, तर २२ दिनमै ढल्यो। मुख्यमन्त्री पदसँगै प्रदेश प्रमुख परिवर्तन भए। सभामुख पनि पदमुक्त भए। सरकार गठनको प्रक्रिया सर्वोच्च अदालतसम्म पुग्यो। त्यसपछि एमाले फेरि गठबन्धन सरकारमा सहभागी भयो र अहिले चार मन्त्रीलाई फिर्ता बोलाउँदै सरकारबाट बाहिरिएको छ।

यी घटनाक्रमलाई अलग-अलग घटना मान्न सकिएला। तर, एउटै संसदीय दलका नेताको नेतृत्वकालमा बारम्बार सत्ता प्रवेश, विवाद, सत्ता संकट र बहिर्गमन दोहोरिन थालेपछि नेतृत्व क्षमतामाथि प्रश्न उठेको एमालेकै नेताहरू स्वीकार गर्छन्।

**अबको नेतृत्व कसको ?**

एमालेले सरकारबाट समर्थन फिर्ता लिएपछि सत्तामा पुग्न दलहरूबीच दौडधुप सुरु भएको छ। मधेश प्रदेशसभामा रहेका जसपा नेपाल, जनमत पार्टी, संघीय समाजवादी पार्टीसहित नौ दलको एउटा अग्रगामी मोर्चा बनेको छ। सो मोर्चाले यसअघि नै आगामी प्रदेशसभा चुनावसम्म सरकारमा नजाने निर्णय गरेको छ। तर, त्यही दलका नेताहरू आन्तरिक रूपमा सरकार गठनका लागि दौडधुपमा लागेका छन्।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस सभापति गगन थापासँग छलफल गरिसकेका छन्। सरकार गठनका लागि उपेन्द्र यादव सकारात्मक भए पनि एकपटक मोर्चामा छलफल गर्ने बताएका छन्। स्रोतका अनुसार, जसपा नेपाल मधेश प्रदेशमा सबैभन्दा ठूलो पार्टी भएकाले नेतृत्व पाए मात्र सरकारमा जाने मनस्थितिमा छ। कुनै दललाई समर्थन गरेर सरकारमा जाने पक्षमा ऊ देखिएको छैन।

जसपा नेपालको चाहना कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी मिलेर सरकारको नेतृत्व गर्ने रहेको छ। एमालेप्रति खासै रुचि नदेखाएको जसपा नेपालसँग कांग्रेसले पनि नेतृत्वमा दाबी गरिरहेको छ।

स्रोतका अनुसार, एमाले जसपा नेपाललाई सघाउन तयार देखिए पनि जसपा नेपालले त्यसलाई अहिले प्राथमिकतामा राखेको छैन।

एमालेका एक नेताले भने, 'जसले जे भने पनि केन्द्रमा जे सहमति हुन्छ, त्यही कुरा प्रदेशमा मान्नुपर्छ। प्रदेशमा उफ्रेर केही हुनेवाला छैन। केन्द्रमा नेताहरू छलफलमा जुटिसक्नुभएको छ। जे-जे हुन्छ, दसैँमै हुन्छ। दसैँपछि सबै कुरा क्लियर भइहाल्छ।'

## सम्पादकीय...

### प्रादेशिक अस्पताल सिरहा
### करौडौंको उपकरणको सदुपयोग गर

प्रादेशिक अस्पताल सिरहामा उपचार गराउन आउने बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। यसले अस्पतालप्रति नागरिकको विश्वास कायम रहेको संकेत गरेको छ। जिल्लाका विभिन्न गाउँ तथा दुर्गम क्षेत्रबाट समेत नागरिक उपचारका लागि यहाँ आउने गरेका छन्। ५० शय्याबाट १०० शय्यामा स्तरोन्नति गरिएको यस अस्पतालले जिल्लाका नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ। तर, अस्पतालको क्षमता विस्तारसँगै विशेषज्ञ सेवा, आधुनिक उपकरणको उपयोग र स्वास्थ्य सेवाको प्रभावकारितामा पनि सुधार हुन आवश्यक छ। अस्पतालको स्तरोन्नति हुनु सकारात्मक पक्ष हो। तर, भवन, शय्या र उपकरणको संख्या बढाउँदैमा मात्र स्वास्थ्य सेवा गुणस्तरीय हुँदैन्। बिरामीले आवश्यक उपचार आफ्नै जिल्लामा पाउन सक्ने अवस्था सिर्जना हुनु यसको वास्तविक उपलब्धि हो। अस्पतालमा उपचारका लागि आवश्यक उपकरण र पूर्वाधार उपलब्ध भएपनि तिनको नियमित सञ्चालन हुन नसके त्यसबाट नागरिकले लाभ लिन सक्दैनन्। अहिले प्रादेशिक अस्पताल सिरहामा देखिएको मुख्य चुनौती पनि उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोग र विशेषज्ञ सेवाको निरन्तरतासँग जोडिएको छ।

विशेषगरी, करोडौँ रुपैयाँ खर्च गरी खरिद गरिएका स्वास्थ्य उपकरणको उचित प्रयोग हुन नसक्नु गम्भीर चिन्ताको विषय हो। अस्पतालमा इन्डोस्कोपी सेवा बन्द रहेको र ब्लड बैंकसमेत सञ्चालनमा छैन्। जसले गर्दा बिरामीलाई थप समस्या भोग्नु परेको छ। यस्ता सेवा उपलब्ध नहुँदा सामान्य उपचारका लागि आएका बिरामीसमेत अन्य अस्पतालमा जानुपर्ने वा थप खर्च बेहोर्नुपर्ने बाध्यता सिर्जना हुन सक्छ। आकस्मिक अवस्थामा रगत आवश्यक पर्ने बिरामी तथा विशेषज्ञ जाँच गराउनुपर्ने नागरिकका लागि यस्तो अवस्था झन् कठिन बन्न सक्छ। स्वास्थ्य उपकरण खरिद गर्नु आफैँमा उपलब्धि होइन, त्यसको नियमित र प्रभावकारी सञ्चालन नै महत्वपूर्ण उपलब्धि हो। उपकरण खरिद गर्दा त्यसलाई सञ्चालन गर्न आवश्यक जनशक्ति, प्राविधिक ज्ञान, मर्मतसम्भार र बजेटको व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिनुपर्छ। आवश्यक तयारीबिनै उपकरण खरिद गर्ने र केही समयपछि प्रयोगविहीन अवस्थामा छाड्ने प्रवृत्तिले सार्वजनिक स्रोतको सदुपयोग हुन दिँदैन। नागरिकको करबाट खरिद गरिएका उपकरण थन्काउनु हुँदैन्। उपकरण भएर पनि नागरिकले पाउनुपर्ने स्वास्थ्य सेवाबाट वञ्चित हुनु हुँदैन्।

यसका निम्ति अस्पताल प्रशासन र व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुन्छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, व्यवस्थापन समितिका अध्यक्ष तथा सम्बन्धित पदाधिकारीले उपलब्ध उपकरणको अवस्था, आवश्यक जनशक्ति र सञ्चालनमा देखिएका समस्याको पहिचान गरी समाधान गर्नुपर्छ। इन्डोस्कोपी सेवा किन बन्द छ, ब्लड बैंक सञ्चालन हुन नसक्नुका कारण के हुन् र तिनलाई समाधान गर्न के-कस्ता स्रोतसाधन आवश्यक छन् भन्ने विषयमा ठोस कार्ययोजना बनाउनुपर्छ। समस्याको पहिचान गरी मात्र पुग्दैन, समाधान गर्र्न ठोस पहल गर्नुपर्छ। यसैले स्तरीय सेवा सञ्चालनको अवस्था, उपकरणको उपयोग र बिरामीले पाएको सुविधाबारे नियमित समीक्षा गर्ने प्रणाली विकास गर्नुपर्छ। यसले सार्वजनिक लगानीको सुनिश्चित गर्नुका साथै अस्पतालप्रति नागरिकको विश्वाससमेत बढाउनेछ। प्रादेशिक अस्पताल सिरहालाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाका रूपमा विकास गर्नुपर्छ। त्यसका निम्ति उपलब्ध साधनस्रोतको पूर्ण उपयोगमा जोड दिनुपर्छ। बन्द रहेका सेवा पुनः सञ्चालन गर्ने, आवश्यक विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्ने र स्वास्थ्य उपकरणलाई प्रयोगविहीन हुन नदिने विषयमा सम्बन्धित निकाय गम्भीर बन्नुपर्छ। करोडौँ रुपैयाँका मेसिन किनेर थन्क्याउने होइन, ती मेसिनबाट नागरिकले उपचार पाउने वातावरण बनाउनु आवश्यक छ।

## मधेश प्रदेशको नयाँ सरकारबारे ............

सिट छ। कांग्रेसको २२ र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को १५ सिट मात्र छ।

कुल १०७ सिट रहेको मधेश प्रदेशसभामा सरकारको आवश्यक बहुमतका लागि ५४ सिट आवश्यक पर्छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
**सिधा सम्पर्क ०३३-५२१२१४**

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

## आजको राशिफल

**मेष :** दिन राम्रो छ। परिवारबाट लाभ हुनेछ। राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण नियुक्ती पाउने देखिन्छ।

**बृष :** शुभ दिन छ। सहकार्यमा गरेको लगानीबाट फाइदा हुनेछ। शिक्षा र स्वास्थ्यमा लाभ हुनेछ।

**मिथुन :** दिन राम्रो छ। बोलीको प्रयोग परोपकारमा गर्नु उचित हुन्छ। स्वास्थ्यमा सुधार हुनेछ।

**कर्कट :** दिन सामान्य छ। हरेक कुरामा अवरोध हुनेछ। खानपानमा ख्याल नगर्दा स्वास्थ्यमा समस्या हुनेछ।

**सिंह :** दिन राम्रो छ। राम्रो योजना बन्नेछ। गुरुको आर्शिवाद लिएर अगाडि बढ्नु उचित हुन्छ।

**कन्या :** स्वास्थ्यमा समस्या हुनेछ। विदेशमा गरेको लगानीबाट घाटा हुनेछ। प्रेम सम्बन्धमा मनमुटाब हुनेछ।

**तुला :** शिक्षा र रोजगारीमा बढुवा हुनेछ। परिवारको साथ र सहयोग प्राप्त हुनेछ। शिक्षामा गरेको लगानीबाट नाफा हुनेछ।

**वृश्चिक :** दिन राम्रो छ। शिक्षाको लगानीले खुशी बनाउने छ। सोचेको काम सहज बन्नेछ। व्यापारमा फाइदा हुनेछ।

**धनु :** दिन राम्रो छ। सोचेको काम बन्नेछ। शिक्षामा थप मिहिनेत गर्नुपर्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**मकर :** धार्मिक कार्यमा सहभागी भएमा मन शान्त बन्नेछ। आफन्तबाट धोका हुनेछ। दाजुभाइसँगको सहकार्यले फाइदा हुनेछ।

**कुम्भ :** दिन राम्रो छ। आज राम्रो कामको सुरुवात हुनेछ। छिमेकीसँगको भेटमा मन शान्त बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्ला।

**मीन :** दिन धेरै राम्रो छ। आम्दानी हुनेछ। मिष्ठान्न भोजन प्राप्त हुनेछ। पारिवारिक मेलमिलाप हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# १०० शय्याको अस्पतालमा ३९० को भार: बिरामीको चाप बढ्यो, सरकारको जिम्मेवारी बढेन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ३१ गते**

जनकपुरधाम उपमहानगरपालिका -१४ मुजेलियाका २५ वर्षीय महेश यादवलाई सर्पले टोकेपछि उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुर्‍याइयो। अस्पतालका चिकित्सकले उनलाई तत्काल १० वटा एन्टिस्नेक भेनम चलाए। तर, शरीरमा विष फैलिँदै जाँदा उनको अवस्था झन् सिकिस्त हुँदै गयो। चिकित्सकले उनलाई तुरुन्तै सघन उपचार कक्ष (आईसीयू) मा राखेर उपचार अघि बढाउनुपर्ने सल्लाह दिए। विडम्बना, प्रादेशिक अस्पतालमा रहेका ७ वटा आईसीयू र ३ वटा भेन्टिलेटर बेड पहिलेदेखि नै पूर्ण रूपमा भरिएका थिए।




तत्काल आईसीयू बेड खाली नभएपछि महेशका भाइको सल्लाहमा उनलाई प्रादेशिक अस्पतालबाट रिफर गरियो। प्रादेशिक अस्पतालबाट करिब एक किलोमिटरको दूरीमा रहेको ओम दीर्घायु अस्पतालमा उनलाई लगियो, तर त्यहाँ एन्टिस्नेक भेनम उपलब्ध नभएको जनाउँदै भर्ना लिन अस्वीकार गरियो। त्यसपछि उनलाई धनुषाको क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगरस्थित सर्पदंश उपचार केन्द्र पुर्‍याइयो। त्यहाँ भेनम उपलब्ध भए पनि जटिल अवस्थाका बिरामीका लागि आवश्यक पर्ने आईसीयू सुविधा थिएन।

बिरामीको ज्यान जोगाउन थप दौडधुप गर्दै उनलाई महोत्तरीको बर्दिबासस्थित सर्पदंश उपचार केन्द्र पुर्‍याइयो। तर, त्यहाँ पुग्दासम्म धेरै ढिला भइसकेको थियो। बर्दिबासका चिकित्सकले परीक्षणलगत्तै उनलाई मृत घोषणा गरे। समयमै भेन्टिलेटर र आईसीयू सेवा नपाउँदा एउटा युवाले अनायासै ज्यान गुमाउनुपर्‍यो।

घटनालाई राजनीतिक रूपमा उचाल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले प्रादेशिक अस्पतालको गम्भीर लापरबाही भएको आरोप लगाए। उनले प्रादेशिक अस्पतालले न्यूनतम चिकित्सा प्रक्रियासमेत अवलम्बन गर्न नसकेको र संकटमा परेका बिरामीलाई आवश्यक आपत्कालीन उपचार उपलब्ध गराउन पूर्ण रूपमा असफल भएको दाबी गरे।

**दरबन्दी २०४८ सालको, भार २०८३ सालको**

जनकपुरका गल्ली र सडकमा अवैध निजी अस्पतालहरू दिनप्रतिदिन फैलिरहेका छन्। यही भिडको बीचमा मधेश प्रदेश सरकारको मातहतमा सञ्चालित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत १०० शय्याको स्वीकृत प्रादेशिक अस्पताल खडा छ। स्वीकृत क्षमता १०० शय्याको मात्र भए पनि बिरामीको अत्यधिक चापका कारण अस्पतालले थप २ सय ९० शय्या थपेर हाल ३ सय ९० शय्या सञ्चालन गरिरहेको छ। यहाँ दैनिक १४ सयदेखि १६ सय जना बिरामीले स्वास्थ्य परीक्षण तथा उपचार सेवा लिने गर्छन्।

अस्पतालको संरचनात्मक अवस्था भने टिठलाग्दो छ। २०४८ सालमा १०० शय्या हुँदा स्वीकृत गरिएको पुरानै दरबन्दी र कर्मचारीको भरमा २०८३ सालमा आइपुग्दा पनि ३ सय ९० शय्याको अस्पताल सञ्चालन भइरहेको छ। त्यसमाथि नेपाल सरकारले स्वीकृत गरेको ८१ जनाको स्थायी कर्मचारी दरबन्दीमा पनि ५० प्रतिशत पद अझै खाली नै छन्।

प्रादेशिक अस्पताल जनकपुरको ऐतिहासिक पृष्ठभूमि लामो छ। २०१३ सालमा 'जानकी अस्पताल'का रूपमा सार्वजनिक रूपमा स्थापित यो संस्थाले २०२४ सालमा १५ शय्याको स्वीकृति पाएको थियो। २०२६ मा २५ शय्या, २०२८ मा ५० शय्या हुँदै जनकपुर अञ्चल अस्पतालका रूपमा स्तरोन्नति भई २०४८ सालमा १०० शय्या कायम गरिएको थियो।

बिरामीको चापलाई हेर्ने हो भने प्रादेशिक अस्पताललाई कम्तीमा ५०० शय्याको बनाएर सोहीअनुसार जनशक्ति थप्नुपर्ने आवश्यकता छ। तर, सरकारले अहिलेसम्म कानुनबमोजिम न १०० भन्दा माथिको स्वीकृति दिएको छ, न त नयाँ दरबन्दी नै कायम गर्न सकेको छ। मुलुकमा संघीयता स्थापना भएपछि मधेश प्रदेश सरकारले यस अस्पताललाई आफू मातहत ल्याई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान गठन गरेर त्यसैअन्तर्गत सञ्चालन गर्‍यो।

प्रदेश सरकारले केही भौतिक संरचना र भवन थपे पनि नयाँ स्वीकृत दरबन्दी र आवश्यक जनशक्ति भने उपलब्ध गराउन सकेको छैन। संघीय सरकारको स्वास्थ्य मापदण्डअनुसार ३ सय ९० बेडको अस्पताल सञ्चालन गर्न कम्तीमा ९०० जनाको जनशक्ति आवश्यक पर्छ। तर, प्रादेशिक अस्पतालमा अहिले छात्रवृत्ति, करार र डोर हाजिरीका कर्मचारीसमेत गरी जम्मा ४०० जना मात्र कार्यरत छन्। स्थायी दरबन्दी नहुँदा अस्पतालले बिरामीबाट संकलन हुने उपचार शुल्क (आन्तरिक स्रोत) बाटै चिकित्सक तथा स्वास्थ्यकर्मीको तलब-भत्ता व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको चिकित्सक डा. जामुन सिंह बताउँछन्।

**सहानुभूतिका नाममा मिडिया ट्रायल र राजनीति**

सामाजिक अभियन्ता देवनारायण मण्डलका अनुसार प्रतिष्ठान स्थापना हुनुअघि अस्पतालमा दैनिक २-३ सय बिरामी आउने गरेकामा अहिले दैनिक १५ सयदेखि २ हजार बिरामी आउँछन्। बिरामीको संख्या र विशेषज्ञ सेवा विस्तार भए पनि संघीय सरकारबाट कुनै थप सेवा-सुविधा र अनुदान उपलब्ध गराइएको छैन। मण्डलले अस्पतालमा हुने हरेक असामयिक मृत्युमा गोहीको आँसु बगाउने र सम्पूर्ण दोष प्रदेश सरकार तथा अस्पताल व्यवस्थापनमाथि थोपर्ने प्रवृत्तिप्रति कडा असन्तुष्टि जनाए।

'संघीय सांसदहरूले काठमाडौंमै बसेर तथ्यहरूलाई बंग्याउँछन् र मिडियामा निर्लज्ज रूपमा प्रस्तुत हुन्छन्। उनीहरू नागरिकको पीडालाई प्रदेश सरकारविरुद्धको आक्रोशमा परिणत गराउँदै अस्पतालका कर्मचारी र व्यवस्थापनमाथि हातपात हुने वातावरण निर्माण गर्छन्,' मण्डलले भने, 'दोस्रो कार्यकालसम्म सांसद

बाँकी पृष्ठ ४ ▸▸

# जग्गा विवादमा छिमेकीले धकेल्दा वृद्धको घटनास्थलमै ज्यान गयो, आरोपी पक्राउ

**अपन दैनिक संवाददाता**
**सप्तरी, असोज ३१ गते**

सप्तरीको छिन्नमस्ता गाउँपालिका-१ बरही टोलमा जग्गाको सिमानाको विषयलाई लिएर भएको विवादका क्रममा धकेल्दा एक वृद्धको मृत्यु भएको छ।

शनिबार बिहान करिब ९ बजे स्थानीय २७ वर्षीय रघुनन्दन राय र ७५ वर्षीय तेतर रायबिच जग्गाको सिमानालाई लिएर विवाद भएको थियो। सोही क्रममा रघुनन्दन रायले तेतर रायलाई धकेल्दा उनको घटनास्थलमै मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

घटनाबारे स्थानीयले जानकारी गराएपश्चात् तत्काल प्रहरी टोली घटनास्थलमा खटिएर अनुसन्धान अघि बढाएको छ।

प्रहरीले घटनामा संलग्न रघुनन्दन रायलाई नियन्त्रणमा लिएको छ। मृतक तेतर राय यसअघि नै मुटुसम्बन्धी रोगबाट पीडित रहेको बताइएको छ।

घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# सिरहामा २ समूहबीच झडप हुँदा एकै परिवारका ५ जना घाइते, ३ जना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ३१ गते**

सिरहाको बरियारपट्टी गाउँपालिका-२ खोक्सीमा पुरानो रिसइबीका कारण भएको कुटपिटमा एकै परिवारका पाँच जना घाइते भएका छन्। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार असोज ३० गते राति करिब ११:५५ बजे खोक्सीमा पुरानो रिसइबीका कारण स्थानीयबीच कुटपिट भएको थियो। कुटपिटबाट स्थानीय ४५ वर्षीय सुरेन्द्र दास, उनकी श्रीमती ४० वर्षीया उषा देवी दास तथा छोराहरू २५ वर्षीय राधाकृष्ण दास, २२ वर्षीय हरिकृष्ण दास र १७ वर्षीय देवकृष्ण दास घाइते भएका थिए।

प्रहरीका अनुसार सुरेन्द्रको खुट्टा र दाहिने हातमा, उषाको दाहिने हातमा तथा राधाकृष्णको टाउकोमा चोट लागेको थियो। हरिकृष्ण र देवकृष्णलाई भित्री चोट लागेको बताइएको छ। घाइते पाँचै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पठाइएको थियो। उपचारपछि उनीहरूलाई असोज ३१ गते बिहान डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ।

कुटपिटपछि आक्रोशित बनेको समूहले दुईवटा मोटरसाइकलमा आगो लगाएको प्रहरीको प्रारम्भिक विवरणमा उल्लेख छ। करिब १५० देखि २०० जनाको समूहले मोटरसाइकलमा आगो लगाएको बताइएको छ। आगलागीबाट दुवै मोटरसाइकल पूर्ण रूपमा जलेर नष्ट भएका छन्।

तीमध्ये एउटा मोटरसाइकलको नम्बर खुल्न सकेको छैन भने अर्कोको नम्बर बीआर-३२ यू ६०१६ रहेको प्रहरीले जनाएको छ। दुवै मोटरसाइकलका धनीको पहिचान खुल्न सकेको छैन।

घटनाको सूचना प्राप्त हुनासाथ प्रहरी चौकी जानकीनगरबाट प्रहरी सहायक निरीक्षक ओम प्रमोद साहको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थिति नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय महेशपुर पतार, बरियारपट्टी, झाझपट्टी तथा प्रहरी चौकी कचनारीबाट समेत थप

बाँकी पृष्ठ ४ ▸▸









## १०० शय्याको अस्पतालमा ३९० को भार .............

भइसक्दा पनि प्रादेशिक अस्पतालको न्यूनतम आधारभूत समस्या समाधानका लागि पहल नगर्ने माननीयज्यूहरूको मिडिया ट्रायल गर्ने रणनीति गज्जबको देखिन्छ । सरकारको संरचनागत दोष कुनै अमुक कर्मचारीमाथि थोपारेर चोखिन खोज्नु रणनीतिक रूपमा मधेशीहरूलाई मर्न बाध्य पार्नु हो।'

मण्डलले प्रादेशिक अस्पतालको यो दुर्दशामा ७५ प्रतिशत संघीय सरकार र २५ प्रतिशत प्रदेश सरकार दोषी रहेको दाबी गरे । केन्द्र सरकारले रणनीतिक रूपमा मधेश प्रदेशको अधिकार र स्वास्थ्य अधिकार खोसिरहेको आरोप लगाउँदै उनले प्रश्न गरे, 'भोट दिने बेलामा मधेशीहरू नेपाली हुने, तर चुनाव सकिनेबित्तिकै मधेशी मात्र भइहाल्ने ? मधेशका नागरिकको स्वास्थ्यको जिम्मेवारी प्रदेश सरकारको मात्रै हुने यो कुन मानसिकताबाट प्रेरित छ ? प्रादेशिक अस्पताललाई आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधार र जनशक्ति पूर्ति नगरेसम्म स्वयं भगवान् नै आए पनि केही गर्न सक्दैनन्।'

**'निजी अस्पतालको रोटी सेक्ने खेल'**

प्रादेशिक अस्पताल जनकपुरका प्रवक्ता डा. रामज्ञान यादवले अस्पतालमा असम्भव दबाब सिर्जना गरेर भ्रम फैलाउने र निजी अस्पतालहरूको व्यापार बढाउने खेल भइरहेको आरोप लगाए। 'हाम्रा सबै ७ वटा आईसीयू र ३ वटा भेन्टिलेटर बिरामीले भरिएका थिए । यस्तो अवस्थामा पहिलेदेखि उपचाररत बिरामीलाई निकालेर मर्न छाड्ने अनि नयाँ बिरामी भर्ना गर्ने ? यो कस्तो मानवीयता हो ? ' डा. यादवले आक्रोश व्यक्त गर्दै भने, 'हामीले कुन लापरबाही गर्यौं त ? बेड खाली नहुनु चिकित्सकको लापरबाही हो कि चिकित्सक अपराधी हुन् ? उपचार गराउन आएका बिरामीलाई केही हुनेबित्तिकै चिकित्सकलाई दोषी करार गर्ने परिपाटी जनकपुरका लागि घातक छ।'

डा. यादवका अनुसार प्रादेशिक अस्पतालले गुणस्तरीय र सस्तो सेवा दिन थालेपछि निजी अस्पतालहरूको लुटधन्दा ठप्प भएको छ। 'अहिले ९० प्रतिशत बिरामी सरकारी अस्पतालमा आउँछन्, बाँकी १० प्रतिशतमात्र निजीमा जान्छन् । कमाइ बन्द भएपछि निजी अस्पताल र तिनका बिचौलियाहरू सरकारी अस्पताललाई बदनाम गराउन र आफ्ना धन्दा चम्काउन यस्ता प्रपञ्च रचिरहेका छन्,' उनले भने।

**संघ सरकारको दोहोरो मापदण्डमाथि प्रश्न**

जनकपुरका स्थानीय जानकार अनिल कर्णले सर्पदंशको उपचारमा अत्यावश्यक एन्टिस्नेक भेनम उपलब्ध नगराएकोमा संघीय सरकार गम्भीर हुनुपर्ने बताए।

'अस्पतालमा आईसीयू उपलब्ध थिएन, किनकि त्यहाँ मानिसकै उपचार भइरहेको थियो । तर म सोध्न चाहन्छु, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रदेश मातहत भन्दैमा संघ सरकार पन्छिन मिल्छ ? ' कर्णले भने, 'वीरगन्ज र राजविराज अस्पताल संघ सरकारको मातहतमा छन् । त्यहाँ उपचार गराउने पर्सा र सप्तरीका जनता नेपाली हुन् भने प्रदेश सरकार मातहतको जनकपुर अस्पतालमा उपचार गराउने जनकपुरका जनता चाहिँ के मधेश सरकारका मात्रै नागरिक हुन् ? देशलाई कर तिर्ने जनकपुरका नागरिकका लागि संघ सरकारले केही गर्नै नपर्ने कानुनी छुट छ ? '

स्वास्थ्य सेवा संघ, प्रदेश र स्थानीय तहको साझा संवैधानिक जिम्मेवारी भएको उल्लेख गर्दै कर्णले एउटा घटनाको सम्पूर्ण दोष अस्पताल वा चिकित्सकमाथि थोपरेर समस्या समाधान नहुने बताए । कुनै संस्थामा गल्ती वा त्रुटि भएको भए अनुसन्धान हुनुपर्ने तर हतारहतार पदाधिकारीहरूलाई दोषी ठहर गरेर संस्थाको प्रतिष्ठा समाप्त पार्न नहुने उनको तर्क छ।

प्रा.डा. एकानन्द सिंहले कुनै पनि चिकित्सकले आफ्नो बिरामी गुमाउन नचाहेको उल्लेख गर्दै अस्पतालमा तोडफोड, आक्रमण र धम्की दिने कार्य पूर्णतः आपराधिक र अमानवीय भएको बताए । सरकारी स्वास्थ्य सेवाका श्याम गिरीले क्षमताभन्दा ४-५ गुणा बढी सेवा दिइरहेको अस्पताललाई प्रोत्साहन गर्नुको साटो गम्भीर घेराबन्दीमा पारिनु चिन्ताजनक रहेको टिप्पणी गरे।

संकटमा मधेशको स्वास्थ्य क्षेत्र: १०० शय्याको प्रादेशिक अस्पताल जनकपुरमा ३९० शय्याको भार छ भने दरबन्दी २०४८ सालकै कायम छ। दैनिक १६ सय बिरामी धानिरहेको अस्पतालमा आईसीयू अभावका कारण सर्पदंशका बिरामी महेश यादवको मृत्यु भएपछि संघ र प्रदेश सरकारको क्षेत्राधिकार तथा जवाफदेहितामाथि गम्भीर प्रश्न उठेको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# धनुषामा एकीकृत सुरक्षा योजना कार्यान्वयन, सादा पोसाकमा पनि सुरक्षाकर्मी परिचालन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ३१ गते**

धनुषा जिल्ला प्रशासनले विजयादशमी, दीपावली तथा छठ पर्वलाई लक्षित गरेर जिल्लाभर एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याएको छ।

चाडपर्वका समयमा सम्भावित आपराधिक क्रियाकलाप नियन्त्रण तथा शान्ति सुरक्षा सुदृढ बनाउन जिल्लास्थित सुरक्षा निकायका अतिरिक्त गण र बाहिनीबाट समेत थप सुरक्षाकर्मी झिकाएर परिचालन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले चाडपर्वलाई भयरहित, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सुरक्षा संयन्त्रलाई उच्च सतर्कतामा राखिएको बताए । बडादसैँको महासप्तमीका अवसरमा जनकपुरधामस्थित महावीर युवा कमिटीद्वारा आयोजित राजदेवी माताको मन्दिर परिसरबाट सुरक्षा अवस्थाबारे जानकारी गराउँदै उनले जिल्लाको समग्र सुरक्षा व्यवस्था प्रभावकारी बनाइएको स्पष्ट पारे।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको संयुक्त सहभागितामा यो एकीकृत सुरक्षा योजना लागू गरिएको



हो। चाडपर्वमा हुनसक्ने चोरी, लुटपाट, जुवातास, कालोबजारी तथा अन्य अवाञ्छित गतिविधि रोक्न सदरमुकाम जनकपुरधामका संवेदनशील क्षेत्र तथा ग्रामीण भेगहरूमा समेत नियमित गस्ती र आकस्मिक जाँच तीव्र पारिएको छ । भीडभाड हुने मुख्य धार्मिक स्थल र बजार क्षेत्रमा सादा पोसाकका सुरक्षाकर्मी परिचालन गरेर विशेष निगरानी बढाइएको प्रशासनले जनाएको छ।

प्रजिअ लुइँटेलले भने, 'चाडपर्वका बेला सुरक्षा व्यवस्था प्रभावकारी बनाउन विभिन्न सुरक्षा निकाय र सादा पोसाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएको छ । शान्ति सुरक्षाविरुद्ध गतिविधि गर्नेलाई नियन्त्रणमा लिएर कानुनी कारबाही अघि बढाइएको छ।'

शान्ति सुरक्षामा खलल पुऱ्याउने वा कानूनविपरीत गतिविधिमा संलग्न जोकोहीलाई तत्काल नियन्त्रणमा लिएर कानुनी दायरामा ल्याइने चेतावनी दिँदै उनले सुरक्षा टोली सोहीअनुसार परिचालित भइसकेको बताए । साथै, उनले सम्पूर्ण जिल्लावासीलाई आपसी सद्भाव, भ्रातृत्व र एकता कायम राखेर हर्षोल्लासपूर्वक चाडपर्व मनाउन अपिल गरे।

## सिरहामा २ समूहबीच झडप हुँदा .............

प्रहरी परिचालन गरिएको थियो।

प्रहरीले असोज ३१ गते बिहान कुटपिटमा संलग्न रहेको आरोपमा टुनटुन भन्ने राजकुमार यादव, कृष्ण यादव र कपिल यादवलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी रमेशबहादुर पालले जानकारी दिए।

पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय महेशपुर पतारमा राखिएको प्रहरीले जनाएको छ। घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ। प्रहरीका अनुसार हाल घटनास्थलको अवस्था सामान्य छ।

## चाडपर्वमा पनि मुआब्जाकै .............

सताएको छ।

भंगहा, बर्दिबास र किसाननगर क्षेत्रका रेल्वेपीडितलाई औषधोपचार, घरखर्च र दैनिक जीवनयापनका लागि आवश्यक रकम जुटाउनसमेत समस्या छ । उमेर ढल्किँदै जाँदा आफ्नै सम्पत्तिको मुआब्जा नपाउँदा उनीहरू थप समस्यामा परेका छन्।

बर्दिबास रेल्वेपीडित संघर्ष समितिका अध्यक्ष ज्ञानबहादुर मगरका अनुसार बर्दिबास नगरपालिकाभित्रको मुआब्जा, १४ घरपरिवारको मुआब्जा, खोल्सीपानी क्षेत्रको मुआब्जा तथा किसाननगरमा घर भत्काएर बसेका किसानको बाँकी रकम वितरणबारे टुंगो लगाउन ढिलाइ भइरहेको छ।

मुआब्जाको आशामा बसेका भंगहाका कुशेश्वर यादव र बर्दिबासका ज्ञानबहादुर मगरजस्ता पीडित चिन्तित छन् । जग्गा र घर गुमाएपछि पनि आफ्नो हकको रकमका लागि प्रतीक्षा गर्नुपर्दा आर्थिक र मानसिक दबाब परेको यादवले बताए।

मगरको प्रश्न छ, 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ अनुसार ज्येष्ठ नागरिकको सम्पत्ति हडप्ने वा कानुन विपरीत कब्जा गर्ने कार्यमा कैदसम्मको सजाय हुने व्यवस्था छ। तर राज्यकै आयोजनाका लागि हाम्रो जग्गा अधिग्रहण गरिएको छ। वर्षौंदेखि मुआब्जा पाउन सकेका छैनौं । राज्यविरुद्ध कसरी र कुन कानुनअन्तर्गत न्याय माग्ने ?'

नयाँ सरकार गठन भएपछि पनि मुआब्जाको विषय टुंगो नलाग्दा दुःख लागेको पीडित किसानहरू बताउँछन्। रेल्वे विभागलाई नेपाल सरकारले नेपाल रेल्वे बोर्डमा रूपान्तरण गरेपछि मुआब्जा विवाद झन् पेचिलो बनेको उनीहरूको भनाइ छ।

रेल्वे सेवा सञ्चालन र पूर्वाधार विकासमा सरकारले ठूलो रकम खर्च गरिरहेको छ । तर, आयोजना निर्माणका लागि जग्गा अधिग्रहणमा परेका किसानको मुआब्जा समस्या समाधान गर्न भने ढिलाइ भइरहेको छ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परवेश पराजुलीले मुआब्जाको विषय टुङ्ग्याउन मन्त्रालयमा पटकपटक छलफल भएको बताए। 'मुआब्जाको पनि इस्यु छ,' पराजुलीले भने, 'छिटै मुआब्जाको समस्या हल गर्ने गरी छलफल जारी छ।'





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

